KHABARNAGARIK
www.khabarnagarik.com
E-paper
खबर नागरिक
KHABAR NAGARIK
खबर नागरिकको समाचार हाम्रो

KHABARNAGARIK
खबर नागरिक
KHABAR NAGARIK
खबर नागरिकको समाचार हाम्रो
www.khabarnagarik.com CLICK

Khabar Nagarik | खबर नागरिक | २०८२ पुस ३० गते बुधबार (Wednesday 14 Jan 2026) | www.khabarnagarik.com

## निर्वाचन प्रहरीमा जेनजीको आकर्षण

# ४ हजार ४ सय ९७ माग, बेरोजगारीले आवेदक बढी

**खबर नागरिक**

भैरहवा ।

बुटवल १२ दुर्गा नगरका सुदिप कुवर जिल्ला प्रहरी कार्यालय अगाडि भेटिन्छन उमेरले जेनजीपुस्ता रहेका उनी निर्वाचन प्रहरी भर्नाका लागि आवेदन दिन आएका हुन । उनी देशको सेवा गरौ र प्रहरीको अनुभव लिने उद्धेश्यले भनेर यस पटक वर्दी नै लगाउने भनेर आवेदनका लाइन मा थिए । पहिला लेखपालको काम गरिरहेको उनी अहिले बैदेशिक रोजगारको प्रयासमा छन , बाहिरको पनि आवेदन दिएकोले खाली समयमा देशमै योगदान दिने भनेर जिल्ला प्रहरी आएका हुन । उनले जेनजीहरुले यो निर्वाचन गराएकोले देशलाई निकास दिनका हामीले पनि सहयोग गर्नुपर्छ भनेर पनि आवेदन दिन आएको सुनाए ।

यस्तै सियारी ७ का प्रविन पराजुलीको भनाई पनि आर्थिक अवस्था कमजोर भएकोले केही समयमा केही आम्दानी पनि हुने र राज्यको सेवा हुने भएकोले आवेदन दिएको बताए । प्रहरी सेवाको के कस्तो जिम्मेवारी हुन्छ, अनुभव बटुल्न पहिलो पटक फारम भरेको उनले भने । उनी थप्छन देशमा अहिले बेरोजगार धेरै रहेको यो भिडले देखिन्छ । 'विहानै आएको हो लाइन हेरेर घर जाने विचार भयो पछि साथीको सहयोगले आवेदन दिएको 'उनले भने ।

लक्ष्मी केसी अर्घाखाचीबाट आएर पनि आवेदन दिइन उनले प्रहरी हुने सपना भएकोले अनुभव लिनका लागि पनि आवेदन दिएकी बताइन । जेनजी पुस्ताकै उनी देशका लागि केही गर्नुपर्ने मनासय राखेर आएको बताइन । घर खाली बस्नु भन्दा यहाँ आएर देशको सेवा गरौ केही समय भनेर आवेदन दिन आएको बताइन । काम पाएको बेला काम गर्नुपर्छ म पनि सबल छु भन्नका लागि पनि आवेदन दिएको उनी बताउछीन ।

यी त उदाहरण हुन निर्वाचन प्रहरीका लागि अहिले यस्ता सयौं युवाहरु लामबद्ध रहेका छन । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि रुपन्देहीमा ४ हजार ४ सय ९७ जना निर्वाचन प्रहरी गरिदै छ ।

जिल्लामा स्वीकृत निर्वाचन प्रहरी भर्ना, छनोट, नियुक्ति तथा परिचालन सम्बन्धी एकिकृत (नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल) कार्यविधि २०८२ अनुसार निर्वाचन प्रहरी भर्ना गर्न लागिएको हो । निर्वाचनको सुरक्षा व्यवस्थापन थप चुस्त, प्रभावकारी र व्यवस्थित बनाउन निर्वाचन प्रहरी भर्ना गर्न लागिएको हो ।

नियमिततर्फका सुरक्षाकर्मीबाट जनशक्ति अपुग भएपछि सरकारले नेपाल प्रहरी र सशस्त्र प्रहरीमार्फत ४० दिनको म्यादका लागि निर्वाचन प्रहरी परिचालन हुदैछ । आवेदन खुला भएसँगै जिल्ला प्रहरी कार्यालय अगाडि निर्वाचन प्रहरीमा आवेदन दिन आउनेको ठूलो भिड लाग्ने गरेको छ भने कम संख्यामा यस पटक सशस्त्र प्रहरीले पनि निर्वाचन प्रहरी राख्न पाउने व्यवस्था भएकोले सशस्त्र गणमा पनि केही आवेदकहरु पुग्ने गरेका छन ।





५ निर्वाचन क्षेत्र रहेको रुपन्देहीमा निर्वाचन क्षेत्रमा तैनाथ गर्नका लागि नेपाल प्रहरी तर्फ ४ हजार १९ जना र सशस्त्र प्रहरी तर्फ ४ सय ७८ जना निर्वाचन प्रहरी भर्ना गर्ने प्रक्रिया सुरु गरिएको जिल्ला प्रहरी रुपन्देहीका प्रवक्ता डीएसपी सुरज कार्कीले जानकारी दिए । सुरुवाती दिनबाटै रुपन्देहीमा उत्साह पूर्वक रुपमा आवेदकहरु आउने गरेका छन । सोमबारसम्म जिल्ला प्रहरी कार्यालयमा ४ हजार ५ जनाले आवेदन दिएका छन जस्मा महिला ८ सय ६६ र ३ हजार १ सय ८४ जना छन । मंगलबार पनि उल्लेखीय रुपमा सहभागीता रहेको डिएसपी कार्कीले बताए ।

यस्तै सशस्त्र प्रहरी तर्फ ४ सय ९६ जनाले आवेदन दिएका छन , आवेदन दिनेको क्रम जारी छ ।

निर्वाचन प्रहरी भर्ना छनोट तथा नियुक्ति समिति रुपन्देहीले नेपाल प्रहरी र सशस्त्र प्रहरीका नेपालका लागि एकीकृत सूचना प्रकाशित गर्दै योग्य नेपाली नागरिकबाट दरखास्त आह्वान गरेर दरखास्त लिइरहेको छ ।

निर्वाचन प्रहरी पदका लागि १८ वर्ष पूरा भई ५४ वर्ष ननाघेका नेपाली नागरिकले सक्ने जनाइएको पनि निवेदन दिनेहरु अधिकांस जेनजी उमेर समूहका पुस्ताहरुको रहेको छन । भर्ना अन्तर्गत आवेदन (दरखास्त) दिनेमा युवा पुस्ताको आकर्षण देखिएको हो । निर्वाचनमा नियमित गस्ती, कार्यालय सुरक्षा, विशिष्ट व्यक्तिको सुरक्षा, अपराध रोकथाम तथा अनुसन्धानलगायतमा एकातिर नियमित रूपमा खटिनुपर्छ भने निर्वाचन केन्द्रित सुरक्षा व्यवस्थापनअन्तर्गत उम्मेदवारका सुरक्षादेखि प्रचारप्रसार, आमसभा लगायतमा पनि सुरक्षा दिनुपर्ने हुन्छ । तर, निर्वाचन सुरक्षा व्यवस्थापनमा यो जनशक्तिले मात्र अपुग हुन्छ । सोहीकारण नेपाल प्रहरी र सशस्त्र प्रहरीको 'सहयोगी सुरक्षा फौज'का रूपमा परिचालन गर्ने गरी निर्वाचन प्रहरी भर्ना गर्दैछ । यसरी भर्ना हुनेमध्ये प्रहरीमार्फत खटिने जनशक्ति प्रहरीकै चेन अफ कमाण्ड र सशस्त्र अन्तर्गत खटिनेले सशस्त्रले चेन अफ कामाण्डमा रहनु पर्ने छ ।

यस्तै, निर्वाचन प्रहरीको कार्य अवधि नियुक्ति मितिदेखि ४० दिन वा नेपाल सरकारले तोके बमोजिम रहने छ । सेवा सुविधाअन्तर्गत प्रतिदिन ८६९ रुपैयाँ ४० पैसाको दरले ४० दिनका लागि ३४ हजार ७७६ पारिश्रमिक प्रदान गरिन समितिले जनाएको छ । साथै सम्बन्धित जिल्लामा नेपाल प्रहरी र सशस्त्र प्रहरीले पाउने दररेट अनुसार खाद्यान्न खर्चसमेत उपलब्ध हुन्छ ।

प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि रुपन्देहीबाट ३ लाख ४६ हजार २ सय ३ जना पुरुष, ३ लाख ३६ हजार ३ सय ११ जना महिला र ९ जना अन्य गरी ६ लाख ७२ हजार ५ सय २३ जना लाई मतदाता रहेका छन् । जस्का लागि ५ निर्वाचन क्षेत्रमा २ सय ९ वटा मतदान स्थल र ७ सय ३२ मतदान केन्द्र तय भएको छ ।

मापदण्डअनुसार नेपाली नागरिक भएको हुनुपर्ने छ । साधारण लेखपढ गर्न जान्ने, नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको, भर्ना हुने समयमा कुनै दलको सदस्यता नपाएको, शारिरीक र मानसकि रूपमा स्वस्थ, आतंककारी तथा विध्वंसात्मक संगठनको सदस्य नभएको, पुरुषको हकमा कम्तीमा ५ फिट उचाई, छातीको चौडा ३१ देखि ३३ इन्च, ५० केजी तौल तथा महिलाको हकमा कम्तीमा ४ फिट १० इन्च उचाई, ४२ केजी तौल र गर्भवती नभएको/नरहेको हुनुपर्ने योग्यता तय गरिएको छ ।